लिखु गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

यसम, ओखलढुंगा

प्रदेश नं. १, नेपाल

प.सं.:०७७/७८

च.नं.: ६६८

मिति: २०७७/१०/२९

लिखु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय यसम, ओखलढुंगा १ नं. प्रदेश, नेपाल स्था : २०७३

श्री सबै वडा कार्यालयहरु,
लिखु गा.पा., ओखलढुङ्गा ।

विषय : निवेदन संकलन गर्ने सम्बन्धमा ।

प्रस्तुत सम्बन्धमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च.नं. २५८ मिति २०७७/१०/२५ गतेको पत्रानुसार आ.व. ०७८/०७९ को लागि न्युनतम रोजगारमा सम्लग्न हुनको लागि निवेदन दिने सम्बन्धि सूचना ताहाँ कायालयको सूचना पाटीमा टासँ गरि सोही बमोजिम गर्न गराउन हुन अनुरोध छ ।

अभय कुमार गुप्ता
प्रमुख प्रशासकीय अधिकृत

अभय कुमार गुप्ता
प्रमुख प्रशासकीय अधिकृत

# लिखु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
यसम, ओखलढुंगा
प्रदेश नं. १, नेपाल

सूचना नं.: २६ -०७७/०७८ मितिः २०७७/१०/२९

**न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने सम्बन्धि सूचना !!!**

रोजगारीको हक सम्बन्धी ऐन,२०७५, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ (पहिलो संसोधन) को दफा १८ को उपदफा २ बमोजिम आ।व। २०७८/७९ मा स्थानिय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्युनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणको काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तीहरुले २०७७ फाल्गुण १ देखि २९ गते सम्म आफुले स्थायी बसोबास गरेको स्थानिय तहको सम्बन्धित वडा कार्यलयमा बेरोजगार व्यक्तिको सूचिमा सूचिकृत हुन निवेदन दिनु हुन यो सुचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा सम्वन्धित वडा कार्यलय, रोजगार सेवा केन्द्र, लिखु गाउँ पालिकाको वेवसाइट www.likhumunokhaldhunga.gov.np तथा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट निशुल्क प्राप्त गर्न सकिनेछ ।

**निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु**

१. निवेदकको १ प्रति नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

२. निवेदकको १ प्रति पासपोर्ट साइजको फोटो ।

३. निवेदक सहित परिवारका सम्पूर्ण सदस्यहरुको नाम, नाता, जन्म मिति, नागरिकता नं., नागरिकता जारी मिति तथा नागरिकता जारी जिल्ला को विवरण ।

४ निवेदक सहित परिवारका सम्पूर्ण सदस्यहरुको शैक्षिक योग्यता, सिप, दक्षता तथा रोजगरीको अवस्था (स्वदेश/ विदेश/ स्वरोजगार/ वेरोजगार ) को विवरण ।

५ स्थायी बसोबास खुल्ने आवश्यक कागजातको फोटोकपि ( नागरिकता पत्र अन्यत्र बाट जारी भएको भए बसाई सराई प्रमाणपत्रको प्रतिलिपी र ना.प्र. पत्रमा स्थायी ठेगना अन्यत्र उल्लेख भएको विवाहित महिलाको हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपी ।

अभय कुमार गुप्ता
प्रमुख प्रशासकीय अधिकृत

**पुनश्च :** *निवेदन फारम (अनुसूची १) बमोजिम आवश्यक सम्पूर्ण विवरण भरी आउने फारमलाई मात्र सूचिकृत गरिनेछ। अन्यथा फारम सूचिकृत गर्न नसकिने व्यहोरा जानकारी गराईन्छ।*